<u>बैठक नं.६२</u>

आज मिति २०८२।०५।१८ गते बुधबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसि देहाय बमोजिम निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
| --- | --- | --- | --- | --- |
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | थम बहादुर घर्ती मगर | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ४ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ५ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ६ | भुपमणि पुन मगर | ४ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ७ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ८ | घन बहादुर घर्तीमगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| ९ | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| १० | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| ११ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १२ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | रशमा |
| १३ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १४ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १५ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १६ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १७ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १८ | धनि प्रसाद खड्का | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के. सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |

प्रस्ताव तथा निर्णयहरु:

१. आ.व. ०८२।०८३ को दररेट पारित सम्बन्धमा।

२. प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग फाराम पेश गर्ने सम्बन्धमा।

३. विविध सम्बन्धमा।

निर्णय नं १.

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम यस रुन्टीगढी गाउँपालिकाले आ.ब. २०८२।०८३ का लागि रोल्पा जिल्लाबाट आ.ब. ०८२/०८३ का लागि तोकिएको जिल्ला दररेटलाई नै स्थानीय दररेट कायम गरी लागू गर्ने।

निर्णय नं २

प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशको चलानी नं १०२, मिति २०८२।०५।११ को पत्रबाट स्वीकृति दरबन्दी अनुसार रिक्त पदको पदपूर्तिको लागि माग आकृति भरी पठाउने भनि लेखि आएकोले यस रुन्टीगढी गाउँपालिकाको कार्यालयमा रिक्त रहेका तपसिल बमोजिम पदहरुको माग आकृति भरी पठाउने।

तपसिल

| क्र.सं. | पद | सेवा/समुह/उपसमुह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहायक | प्रशासन | पाँचौ | ४ | |
| २. | सहायक | प्रशासन | चौथो | ५ | |
| ३. | अ. सब इन्जिनियर | सिभिल | चौथो | २ | |
| ४. | अ.हे.ब. | स्वास्थ्य/ हे.ई. | चौथो | २ | |

निर्णय नं ३

"घ" बर्गको निर्माण व्यवसायीको इजाजत पत्रको लागि पेश गरेका तपसिल बमोजिमका फर्म/कम्पनि/निर्माण व्यवसायीहरुको कागजात योजना तथा प्राविधिक शाखाबाट अध्ययन गरी इजाजत पत्र दिन मनासिब देखिएको भनि कार्यपालिका बैठकमा पेश गरेको हुँदा त्यसरी पेश भई आएका फर्म/कम्पनी/निर्माण व्यवसायीहरुलाई भनि रुन्टीगढी गाउँपालिकाको "घ" बर्गको इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम इजाजत दिने।

तपसिल

| क्र.स. | फर्म/कम्पनी/निर्माण व्यवसायीको नाम | ठेगाना | प्रोप्राइटरको नाम |
|---|---|---|---|
| १. | दिप्सी कन्स्ट्रक्सन | रुन्टीगढी-९, सखि | पोषराज के.सी. |
| २ | जियान कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी | रुन्टीगढी-५, रोल्पा | जिवना रोका मगर |
| ३. | जि.आर.जि कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | रुन्टीगढी-६, दुब्रिङ | कलि गुरुङ |

निर्णय नं ४

रुन्टीगढी गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२।०५।०४ गतेको निर्णयानुसार अनुमोदनका लागि पेश भई आएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने।

(क) हेमन्त खत्रीको संयोजकत्वमा गठन भएको आन्तरिक परीक्षा समिति सम्बन्धमा।

(ख) स्थानीय पाठ्यक्रम ४-५ निर्माण भइ आएकोले उक्त पाठ्यक्रम लागु गर्ने सम्बन्धमा।

(ख) आ.व. ०८२।०८३ का लागि शिक्षकहरुको तलवि प्रतिवेदन पास सम्बन्धमा।

जनक पुन
अध्यक्ष

निर्णय नं ५

रुन्टीगढी गाउँपालिकाको वडा नं १ मा रु २० लाख र वडा नं ६ मा रु २८ लाख गरी जम्मा रु ४८ लाख बराबरको विद्युतिकरणको लागि यस आ.व. मा उक्त रकम विनियोजन भई बजेटको सुनिस्चितता भइसकेको र सो रकम बराबरको रकम नेपाल विद्युत प्राधिकरणबाट साझेदारी गरी कुल लागत अनुमान रु ९६ लाखको कार्य रोल्पा वितरण केन्द्रबाट गर्ने गराउने गरी सैद्धान्तिक स्वीकृती प्राप्त भएकोले यस आ.व. मा विद्युतिकरण कार्यको लागि गाउँपालिकाको साझेदारीमा हुन आउने पचास प्रतिशतको रकम प्रचलित ऐन, विनियम बमोजिम ठेक्का सम्झौता गर्ने गरि रोल्पा वितरण केन्द्रको धरौटी खातामा जम्मा गर्ने।

निर्णय नं ६

प्राथमिक स्वास्थ्य केन्द्र होलेरीले स्वास्थ्य विमा कार्यक्रम लागू गर्न लागेको सन्दर्भमा माग गरेको स्वास्थ्य विमा कार्यक्रम संचालनार्थ आवश्यक पर्ने सफ्टवेयर लगायत सामाग्रीहरुको लागि रु १ लाखमा नबढने गरी गाउँपालिकाको म्याचिङ फण्डबाट उपलब्ध गराउने।

निर्णय नं ७

रुन्टीगढी गाउँपालिका वडा नं २ सुर्पालको कृषि हाट बजारमा बर्षातको समयमा कृषि उत्पादन लिन आउने सवारी साधनहरुका कारण हाट बजारको फिल्ड हिलाम्मे भई कृषि उपज ओसार पसार गर्न कठिनाई भएको हुँदा उक्त हाट बजारको फिल्ड ग्राभेल गर्न आवश्यक देखिएकोले प्राविधिक लागत अनुमान तयार गरी विविध खर्च शिर्षकवाट भुक्तानी हुने गरी कार्य अगाडि बढाउने।

निर्णय नं ८

अविरल बर्षा सहितको हावाहुरीका कारण सामुदायिक विद्यालय तथा व्यक्तिको घरको जस्तापाता उडाइ क्षति पुर्याएको र उक्त क्षति वापत भएको राहत दिलाई पाउँ भनि प्रहरी मुचुल्का सहित सम्वन्धित व्यक्ति तथा संस्थाबाट निवेदन पेश भई आएकोले विपद व्यवस्थापन समितिको निर्णयको सिफारिस बमोजिम उक्त राहत विपद व्यवस्थापन कोषवाट तपसिल बमोजिमको रकम प्रदान गर्ने।

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री बालबोध प्रा.वि. गुनाम | रुन्टीगढी-९, रोल्पा | रु.२०,०००/- | |
| २. | भिमे दमाई | रुन्टीगढी-७, रोल्पा | रु.५०,०००/- | रु.५०,०००/- बराबरको जस्तापाता उपलब्ध हुनेगरी |

निर्णय नं ९

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क्र.सं. | नामथर | ठेगाना | समस्याको विवरण | रकम |
|---|---|---|---|---|
| १. | धन बहादुर डाँगी | रुन्टीगढी-१, रोल्पा | छोराको आन्द्रामा समस्या भइ उपचारका लागि आर्थिक अभाव भएको | रु.२५,०००/- |
| २. | मोहनलाल पुन | रुन्टीगढी-४, रोल्पा | माग भई आएको सामानको लागि रकम उपलब्ध गराउने | रु.८,०००/- |

जनक पुन
अध्यक्ष